## आर्थिक बर्ष २०८२/०८३ को

# बार्षिक नीति तथा कार्यक्रम

मेल्लेख गाउँपालिका

मेल्लेख गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

विन्धेवासिनी, अछाम

सुदूरपश्चिम प्रदेश

**सभाका सदस्यहरु**

आज मिति २०८२ साल बैशाख ८ गते सोमवारका दिन यस मेल्लेख गाउँपालिका गाउँसभाको १६ औं अधिवेशनको पहिलो बैठकको गाउँसभा अध्यक्षको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०८२।०८३ को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम पेश गर्न र प्रस्तुत गर्नका लागि सभाको अनुमती लिन्छु ।

**सभाका सदस्यहरु**

यस गरिमामय सभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दा गाउँसभामा उपस्थित सम्पूर्ण गाउँसभाका सदस्यहरु प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख तथा अन्य कर्मचारी, पत्रकार, सुरक्षाकर्मी साथीहरु मेल्लेख गाउँपालिकाका विभिन्न विषय विज्ञताको क्षेत्रबाट वार्षिक निति तथा कार्यक्रमका लागि विषय विज्ञहरुले दिनुभएको सुझाव संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले गरेको व्यवस्था अनुसार समाजवादी व्यवस्था उन्मुख स्थानीय सरकारलाई आधार स्तम्भको रुपमा राखेकोले मेल्लेख गाउँपालिकाको स्वतन्त्रता सुशासन मार्फत समृद्धि ल्याउन आर्थिक, सामाजिक, सास्कृतिक र विकास निर्माण रुपान्तरणका लागि सहयोग र योगदान गर्नुहुने सम्पूर्ण मेल्लेख बासि तथा देश विदेशमा हुनुहुने आमाबुबा, दाजु भाई, दिदी बहिनीहरुमा हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु ।

**सभाका सदस्यहरु**

नेपालको केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाको अन्त्य संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि विभिन्न कालखण्डमा नेपाली जनताले गरेको अपार बलिदानी जस अनुसार वि.सं. २०५२ को जनयुद्ध, २०६२।०६३ को जनआन्दोलन मधेश आन्दोलन लगायत अन्य सबै आन्दोलनमा आफ्नो जिवनको आहुती दिने सम्पूर्ण वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै आन्दोलनको क्रममा घाइते, वेपत्ता तथा अपाङ्गताको पिडाबाट जीवन जीउनुहुने योद्धाहरु प्रति सम्मान प्रकट गर्दछु ।

**सभाका सदस्यहरु**

मेल्लेख गाउँपालिकाको चालु आ.व. २०८१।०८२ को सभा बाट पारित वार्षिक निति तथा कार्यक्रमको निरन्तरता संगै सिर्जनशीलता प्रत्यक्ष जनसरोकारका थप कार्यक्रमलाई कार्यन्वयनका लागि आगामी वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम निर्माण गरिएको छ। प्रस्तुत नीति तथा कार्यक्रम सर्वसम्मत सभाबाट पारित भई कार्यान्वयनका लागि आवश्यक थप छलफल सहित सभा सदस्यको साथ सहयोगको अपेक्षा गरेको छु ।

**सभाका सदस्यहरु**

हामी मेल्लेख गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही आफ्नो नीति आफै बनाउने र आफ्नो लागि आफै शासन गर्ने संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत विकासका लागि हामी मेहेनत गरिरहेका छौ । यस अवसरमा नेपालको संविधानले सुनिश्चितता गरेको समाजवादी अर्थ व्यवस्था उन्मुख संवैधानिक व्यवस्थाले तीन तहको सरकार मध्य स्थानीय सरकारलाई मुख्य आधार स्तम्भको रुपमा नेपाल सरकारले अधिकार प्रत्यायोजन गरेकोले कानूनी प्रावधानहरुलाई अक्षरसः पालना गर्न र गराउन मेल्लेख गाउँपालिका प्रतिवद्ध रहेको छ। साथै नेपालको स्वतन्त्रता, सार्वभौमिक, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै जनताको सार्वभौम स्वतन्त्रता र सुशासनको अधिकारलाई आत्मसात गर्ने छौ । विगतको केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनबाट मेल्लेख गाउँपालिकाका सम्पूर्ण जनतालाई मुक्त गर्ने नीति तथा कार्यक्रमलाई अवलम्बन गरिने छ ।

**सभाका सदस्यहरु**

**“स्थानीय उत्पादनमा आत्मनिर्भर मेल्लेख गाउँपालिकाको सान अध्यक्षसंग किसान, किसानसंग कृषि हाम्रो अभियान”** भन्ने  मेल्लेख गाउँपालिकाको मुल नारा हो ।  शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, मौलिक सस्कृति, युवा स्वरोजगार, पूर्वाधार विकास, गरिबीको अन्त्य ऐतिहासिक सम्पदा, पुरातात्त्विक, धार्मिक पर्यटनको संरक्षण गरी समृद्धिको अभियानलाई सफल पार्न स्थानीय सरकारले नेतृत्व लिने र समृद्धिको गाउँ निर्माण योजना स्थानीय सरकारको लागि महत्वपूर्ण अवसर पनि हो । यो एक सम्भावनायुक्त महत्वकांक्षी योजना हो । यसलाई सम्पन्न गर्न चुनौतिहरु पनि त्यतिकै छन । यो अभियान सामान्य तरिकाबाट पुरा गर्न सकिदैन । यसका विशेष कार्ययोजना कार्यन्वयन गर्न संकल्प आवश्यक छ । समृद्धि नै जनताको आकांक्षा भएकाले पालिका सरकारको प्राथमिक उद्देश्य पनि यो भन्दा पृथक हुन सक्दैन र छैन पनि । आर्थिक समृद्धि भन्ने कुरा समाजका खास खास ब्यक्तिहरुको आर्थिक उन्नति मात्र होईन । आम रुपमा गरिबीको अन्त्य हो । समृद्धिको अर्थ आर्थिक संगै सामाजिक, सास्कृतिक समृद्धि अर्थात सामाजिक न्यायको स्थापना विभेदरहित सुशासन समतामुलक समाजको निमार्ण हुनु हो ।

समृद्धिको यो अभियानका लागि जनता मुख्य साधान हो, हामीसंग प्राकृतिक सम्पति, हावापानी जल, जमिन, जंगल र जडिबुटी उत्पादन अनुकुल छ, हामीसंग युवा बहुल समाज छ। केहि गर्नुपर्छ भन्ने चेतना भएको जनता हामिसंग छ। केही गर्नुपर्छ भन्ने नेतृत्वको इच्छाशक्ति र योजना पनि हामिसंग छ । यस नीति तथा कार्यक्रमलाईलाई प्रभावकारी रुपले कार्यान्वयन गर्न हामी सबै जनप्रतिनिधिहरुको प्रमुख जिम्मेवारी भित्र रहने कुरा सर्वविदितै छ ।

**सभाका सदस्यहरु**

**आ.व. २०८२।०८३ को वार्षिक योजना तथा बजेट तर्जुमा र कार्यान्वयन गर्दा निम्न विषयहरुलाई आधार लिइएको छ ।**

- नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्यप्रणाली एवं एकल तथा साझा अधिकार सूची,
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
- स्थानीय तहको मध्यकालिन खर्च संरचना
- स्थानीय श्रोत र साधनको उपयोग गर्न
- विकासका अन्तर सम्बन्धित विषयहरु
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु
- संघीय र प्रदेश सरकारले जारी गरेका विभिन्न निर्देशनहरु
- दिगो विकासका लक्ष्य
- सोह्रौं पञ्चवर्षिय योजना
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन
- स्थानीय तहको मध्यकालीन खर्च संरचना आवधिक योजना आन्तरिक राजस्व सुधार प्रणाली

**वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयहरुलाई प्राथमिकता दिएको छ ।**

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने
- स्थानीय सहभागिता जुट्ने, स्वयमसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक, समावेशिकरण अभिबृद्धि हुने
- दीगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने
- दक्ष जनशक्ति परिचालन गरी रोजगारीमूलक क्षेत्रमा जोड दिने

- पोषण कार्यक्रमलाई प्रवद्धन गर्ने
- कृषि आधुनीकिकरण वजारिकरणमा जोड दिईने
- स्वास्थ्य प्राथमिक उपचारमा जनतालाई पहुचका लागि जोड दिने
- ठुला योजना पालिका र साना योजना वडा परिषद्बाट प्राथमिकीकरणको आधारमा गरिने छ ।
- धार्मिक प्राकृतिक, पुरातात्विक कला सस्कृतीक र पर्यटनको संरक्षण प्रवद्धन गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ ।

**गाउँसभाका सदस्यहरु**

**विषयगत क्षेत्रहरु**

**१. आर्थिक विकास समितिका क्षेत्रहरु :** कृषि, खाद्य, सुरक्षा, पशु विकास, पर्यटन, उद्योग, सहकारी तथा वित्तीय सेवा

"स्थानीय उत्पादनमा आत्मनिर्भर मेल्लेख गाउँपालिकाको सान अध्यक्ष संग किसान, किसान संग कृषि हाम्रो अभियान" अर्न्तगत कृषकरुलाई कृषि उत्पादन बाट बहुबर्षिय फलफुल खेतीमा आत्मनिर्भर गर्न एक घर दुई विरुवा एभोकाडा, आँप, केरा, लिची, सुन्तला, मौसमी, कागती, किभी, ओखर आदीलाई बहुवर्षिय योजनाको रुपमा स्थापित गरी बजेटको व्यवस्था मिलाईने छ । मेल्लेख गाउँपालिकालाई खाने तेलमा आत्मनिर्भर गर्न सुर्यमुखी खेती गरि बहुवर्षिय योजना कार्यन्वयन गर्न बजेटको व्यवस्था गरिने छ ।

- गुणस्तरिय फलफूलको उत्पादन बढाउन पालिका स्तरिय १ वटा हाईट्रेक नर्सरी स्थापना गर्न बजेटको व्यवस्था गरिनेछ ।
- कृषि बाली र पशुलाई विभिन्न संक्रमित रोगबाट बचाउन प्रत्येक वडामा एकीकृत शिविर संचालन गरिने छ ।
- उच्च मूल्य भएका नगदे बाली (कफी र अलैची खेती) को खेती विस्तार गर्न बजेटको व्यवस्था मिलाईने छ ।
- कृषि उत्पादन तथा उत्पादकत्व बढाउन कृषि समुहहरुलाई खेती प्रविधि सम्बन्धी तालिम संचालन गरिनेछ ।
- मेल्लेख गाउँपालिकालाई दुधमा आत्मनिर्भर बनाउन उन्नत जातको नमुना भैसी फर्मलाई अनुदानको व्यवस्था गरिने छ ।
- मेल्लेख गाउँपालिकालाई अण्डामा आत्मनिर्भर बनाउन कुखुरा फर्मलाई अनुदानको व्यवस्था गरिने छ ।

मेल्लेख गाउँपालिका

- एक वडा एक उत्पादन कृषि समुहलाई प्रोत्साहन स्वरुप साना सिंचाईको व्यवस्था मिलाईने छ ।
- कृषकहरुको बाली वीमा पशु वीमा कार्यक्रमको लागि वजेटको व्यवस्था गरिने छ ।
- मेल्लेख गाउँपालिकाका जनताको आर्थिक समृद्धिका लागि कृषि सहकारी, उपभोक्ता सहकारी तथा महिला सहकारीलाई प्रोत्साहन स्वरुप अनुदान तथा सहकारी शिक्षा तालिमको व्यवस्था गरिने छ ।
- मेल्लेख गाउँपालिकाको ऐतिहासिक सम्पदासंग जोडिएको धार्मिक पर्यटकिय हवको रुपमा विकास गरिने छ ।
- मेल्लेख गाउँपालिकाको पर्यटनको क्षेत्रमा धार्मिक पर्यटकिय स्थललाई संरक्षण गरी व्यवस्थित गरिने छ ।
- गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम अन्तर्गत दलित, महिला, एकल महिला, पिछडिएका वर्ग तथा सिमान्तकृत आदिलाई समेटी नयाँ उद्यमी सृजना गरिने छ ।
- लघु उद्यम विकास कार्यक्रममा उद्यमशिलता सिप लिएका व्यक्तिहरुलाई उत्कृष्ट उद्यमीको रुपमा छनोट गरि प्रविधि हस्तान्तरण गरिने छ ।
- लघु उद्यमीले उत्पादन गरेका वस्तुहरुको गुणस्तर, ग्रेडिङ्ग, लेबलिङ्ग, विक्री वितरणको प्रबन्ध लिईने छ ।
- निरन्तर उद्यम व्यवसाय गरिरहेका उद्यमीलाई व्यवसायिक सुधार व्यवसायिक परामर्श पुनर्ताजगी (स्तरोन्नती) तालिम दिईने छ ।
- समुहमा हस्तान्तरण गरिएको गरिबी निवारण कोषलाई कार्यविधि निर्माण गरि स्थानीय सरकारको स्वामित्वमा ल्याईने छ ।
- पालिकामा रहेको बाझो जमिन भाडामा लिई सामुहिक खेती तर्फ प्रोत्साहन गर्न आवश्यकताका आधारमा ठेक्का मार्फत रैथाने बालीहरुको प्रर्वद्धन गरि आन्तरिक आयआर्जन बढाउन वजेटको व्यवस्था गरिने छ ।
- आन्तरिक तथा वाह्य पर्यटक प्रर्वद्धनका लागि प्रत्येक वडामा १।१ वटा मन्दिर निर्माण गरिने छ ।
- पर्यटन मार्गदर्शन तालिम संचालनका लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।

**२. सामाजिक विकासका क्षेत्रहरु :** शिक्षा स्वास्थ्य, सामाजिक समावेशिकरण संरक्षण, खानेपानी, सरसफाई, युवा तथा खेलकुद, कला, भाषा र सस्कृति

शिक्षा मानव जीवनको तेस्रो आँखा हो । शिक्षा विना मानव सभ्यता, शिष्टता र विकासको परिकल्पना समेत गर्न सकिदैन । त्यसको महत्त्व बुझी यस पालिकाको शैक्षिक विकासका लागि मेरो नेतृत्वमा रहेको स्थानीय सरकार हाम्रो कार्यकाल अवधिभर अघि बढ्ने छ र भौतिक संरचनाले मात्र विद्यालयको शैक्षिक गुणस्तर सुधार हुदैन रहेछ त्यसैले अबको हाम्रो कार्य शैक्षिक गुणस्तर सुदृढीकरण

तर्फ जानुपर्दछ र त्यसका लागि हामिले कार्ययोजना बनाई त्यसै अनुसार अघाडी बढ्ने योजना बनाएका छौ । आगामि दिनमा सबै बालबालिका विद्यालय जाउन् र गुणस्तरीय शिक्षा पाउन् भन्ने मुल मन्त्रका साथ शैक्षिक गुणस्तर वृद्धिको अभियानमा छौ । मेल्लेख गाउँ पालिकाले बिगतका अनुभवको समिक्षा, बर्तमानको आंकलन र भविष्यको परिकल्पना गर्दै मेल्लेख गाउँ पालिका शिक्षा योजना २०८२-०८३ का लागि तपसिल बमोजिमका निति तथा कार्यक्रमहरु तय गरिएको व्यहोरा अवगत गराउन चाहान्छु ।

- शैक्षिक सत्र २०८२ लाई शैक्षिक गुणस्तर सुधारको आधार वर्षको रुपमा लिइ शिक्षकको क्षमता बढाउने खालका तालिम गोष्टी सेमिनार तथा कार्यशालाको आयोजना गरिने छ ।
- स्थानीय पाठ्यपुस्तक तयार गरि विद्यार्थीको हातहातमा पुऱ्याईने छ ।
- स्थानीय उपजमा आधारित कृषकको हातमा पैसा र केटाकेटीको थालमा पौष्टिक आहार भन्ने ध्ययका साथ दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउदै लगिने छ ।
- असहाय अनाथ गरिब तथा जेहेन्दार विद्यार्थीलाई विशेष गरी छात्रवृति तथा शैक्षिक सामाग्रीको व्यवस्था गरिने छ ।
- विद्यार्थी संख्या भौगोलिक दुरी तथा विद्यालयको शैक्षिक अवस्थाको आकलन गर्दै विद्यालयको समायोजन गरिने छ ।
- हाम्रो विद्यालय राम्रो विद्यालय, मेरो विद्यालय म बनाउछु कार्यक्रमको रुपमा अघि बढाईने छ ।
- रचनात्मक प्रस्तुती र नयाँ प्रविधि निर्माण गर्ने विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था गरिने छ ।
- वालबिकास केन्द्र देखि कक्षा ३ सम्म मन्टेश्वरी कक्षा संचालनका लागि शिक्षक तालिमको व्यवस्था गरिने छ ।
- आधारभुत तह कक्षा ५ देखि ८ सम्मका छात्र छात्राहरुका लागि स्काउट तथा नेतृत्व विकास तालिम नेपाली सभ्यता अनुसार नैतिक शिक्षा सम्बन्धी किताब वितरण गरि वार्षिक ३ महिने कक्षा संचानल गरिने छ ।
- कक्षा ९ देखि १२ सम्मका छात्र छात्राहरुका लागि विभिन्न प्रकारका व्यवसायिक सिपमुलक ३ महिने तालिम संचालन गरिने छ । जस्तै : अनलाईन मार्केटिङ्ग, हेयर कटिङ्ग, पञ्चेवाजा, भवन निर्माण, फर्निचर निर्माण, वेतबासका फर्निचर निर्माण, कम्प्युटर मर्मत र व्युटिसियन तालिम,

मेल्लेख गाउँपालिका

## आधारभूत अस्पताल

- गुणस्तरिय निःशुल्क आधारभूत स्वास्थ्य सेवामा सम्पूर्ण मेल्लेख बासीको सरल सहज तथा समान पहुँचको सुनिश्चितता हुनेछ ।
- अस्पतालबाट हाल सेवा प्रवाह भईरहेका स्वास्थ्य सेवालाई निरन्तरता दिँदै सेवाको गुणस्तर अभिवृद्धि तथा सुदृढिकरणका लागि आवश्यक व्यवस्था मिलाईने छ ।
- सेवाग्राहिको आवश्यकतालाई ध्यानमा राखि अस्पतालबाट प्रवाह भईरहेका आकस्मिक सेवालाई चौबीसै घण्टा संचालनमा ल्याई अन्तरंग (बिरामी भर्ना) सेवा समेत संचालन गरिने छ ।
- आधारभुत अस्पताललाई यस पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको प्रेषण केन्द्रको रुपमा विकसित गर्दै लगिने छ ।
- अस्पतालमा सेवा प्रवाहलाई व्यवस्थित बनाउन सेवाको गुणस्तरकायम राख्न तथा सुरक्षा सतर्कता बढाउन समयानुकुल प्रविधि तथा उपकरणको प्रयोगद्धारा प्रविधिमैत्री बनाउदै लगिने छ ।
- अस्पतालको सेवा प्रवाहलाई विना अवरोधात्मक तरिकाले चौबीसै घण्टा संचालन गर्न तीन फेज विद्युत लाईन जडान, जनशक्ति व्यवस्थापन, वैकल्पिक उर्जा व्यवस्थापन, प्रयाप्त शुद्ध पिउने पानीको व्यवस्था मिलाईने छ ।
- आधारभुत अस्पतालको संस्था सुचिकृत तथा दरबन्दि स्वीकृतिका लागि आवश्यक पहल तथा प्रकृया अगाडी बढाइने छ ।
- मेल्लेख बासीको उपचार खर्च भार न्यूनिकरण गर्ने उद्देश्य तथा नेपाल सरकारको लक्ष्य अनुरुप स्वास्थ्य बिमा गरेका, अति विपन्न, पूर्ण तथा अति अशक्त अपाङ्गको प्रमाणपत्र प्राप्त सेवाग्राहीको उपचार व्यवस्थापन निःशुल्क गरिने व्यवस्था मिलाईने छ ।
- स्वास्थ्य क्षेत्रको सन्तुलित विकासका लागि मेल्लेख गाउँपालिका वडा नं. १ र २ को गोपाले गाउँमा ल्याव सेवा संचालन गर्ने व्यवस्था मिलाईने छ ।
- अध्यक्ष संग बा आमा कार्यक्रम मार्फत ८ वटै वडामा आयुर्वेद स्वास्थ्य शिविर निरन्तर संचालन गरिने छ ।
- अन्य संघ संस्था संग समन्वय र सहकार्य गरि वृहत खालका स्वास्थ्य शिविर संचालन गरिने छ ।

## खानेपानी

- मेल्लेख गाउँपालिकाको खानेपानी आयोजनाको मोडेल परिवर्तन गरिने छ जसमा १ घर १ धारा, १ धारा १ पोखरी, १ पोखरी १ करेसाबारीको अवधारणामा विकास गरिने छ ।
- प्रत्येक वडाका वजार क्षेत्रमा फोहोर व्यवस्थापनको लागि डस्वीनको व्यवस्था गरिनेछ ।

मेल्लेख गाउँपालिका

- बजार क्षेत्रमा फोहोरको लागी डम्पीङ्ग साईड निर्माण गरिने छ ।

## संस्कृति प्रवर्द्धन :

- मौलिक कला सस्कृति जर्गेना, प्रवद्धन र विकासका लागि कार्यविधि निर्माण गरी कार्यान्वयन गरिएको छ ।
- आफ्नै मौलिकताको कला भाषा सस्कृति विकासका लागि कला प्रदर्शनी महोत्सव गरिने छ ।
- गाउँपालिकामा मनाईने सबै चाडपर्वहरुको सम्मान गरी संरक्षण र प्रवद्धन गरिने छ ।

## यूवा तथा खेलकुद तर्फ :

- मेल्लेख गाउँपालिकाको युवा तथा खेलकुद विकासका लागि कार्यविधि निर्माण गरि कार्यान्वयन गरिएको छ ।
- अध्यक्ष कप पुरुष भलिबल प्रतियोगिता संचालनको लागि बजेटको व्यवस्था गरिने छ ।
- उपाध्यक्ष कप महिला भलिबल प्रतियोगिता संचालन गरिने छ ।
- खेलकुद प्रशिक्षकलाई स्पोर्ट तालिमको लागि व्यवस्था मिलाईने छ ।
- अध्यक्षसंग यूवा, यूवा संग लक्षित कृषि प्याकेज कार्यक्रमको व्यवस्था मिलाईने छ ।
- पालिका स्तरीय स्वंयमसेवक युवाका लागि पोसाकको व्यवस्था गरिने छ ।
- युवाको नेतृत्वमा लागु पदार्थ दुर्व्यसनी, साईवर क्राईम, लैङ्गिक हिंसा सम्बन्धी सडक नाटकको लागि बजेटको व्यवस्था गरिने छ ।
- युवा नेतृत्व विकासका लागि वक्तित्व कला तथा हाजिरीजवाफ जस्ता कार्यक्रम गरिने छ ।

## रोजगारको क्षेत्र

- अध्यक्ष संग रोजगार कार्यक्रमलाई अझै प्रभावकारी बनाउन सामुदायिक योजनाहरुमा युवासंग साझेदारी गरी भौतिक पूर्वाधारको दिगो तथा स्तरीय विकास गरिने छ ।
- स्थानीय स्तरमा संचालन हुने सामुदायिक पूर्वाधार योजनामा रोजगार सेवा केन्द्रमा सूचीकृत वेरोजगारलाई काममा खटाउन आवश्यक सहजिकरण गरिने छ ।
- श्रम स्वीकृति तथा पूनः श्रम स्वीकृतिका आवेदनलाई सरल, सुलभ तथा व्यवस्थित रुपमा सहजिकरण गरिने छ ।

मेल्लेख गाउँपालिका

- श्रमिकको ज्याला रकम सोझै बैंक खातामा जाने भएकाले खाता खोल्नका लागि बैंक संग आवश्यक सहजिकरण गरिने छ ।
- वेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलनका लागि वडा स्तरमै गएर आवश्यक छलफल बैठक संचालन गरिने छ ।
- रोजगार प्रदायक सरकारी तथा गैर सरकारी संस्था संग आवश्यक छलफल तथा समन्वय गरिने छ ।
- रोजगारी सिर्जना गर्ने सम्पूर्ण क्षेत्रहरु लाई एकीकृत गरी लगिने छ ।

**समावेशीकरण**

- महिला बालबालिका दलित, अपाङ्ग, असहाय, विपन्न परिवारहरुलाई जीविकोपार्जनको लागि सिपमूलक तालिमको व्यवस्था गरिने छ ।
- बालविवाह मुक्त पालिका घोषणाको लागि आवश्यक रणनैतिक योजना निर्माण गरिने छ ।
- लालपूर्जा विहिन दलित समुदायको लागि नमूना दलित बस्ती व्यवस्थापन गरिने छ ।
- बालमैत्री स्थानीय शासन र पोषण मैत्री वडा घोषणाको नीति अवलम्बन गरी घोषणा गर्दै

**३. पूर्वाधार विकासका क्षेत्रहरु : आवास भवन, सडक, पुल, यातायात, विद्युत, संञ्चार**

- मेल्लेख गाउँपालिको प्रयोगमा आईरहेका मुख्य सडकहरुको स्तर बृद्धि र शाखा सडकहरुको स्तरोन्नति गरिने छ ।
- मेल्लेख गाउँपालिकाको पक्की पुल र झुलुङ्गे पुल निर्माणको लागि पहल गरिने छ ।
- भवन निर्माण संहिता कार्यविधिलाई कार्यन्वयन गरिने छ ।
- राष्ट्रिय विद्युत लाईन विस्तार नभएका वडाहरुमा लाईन विस्तार गरिने छ ।

**४. वन वातावरण तथा विपत् व्यवस्थापन समितिका क्षेत्रहरुः** वन, भूसंरक्षण, जलवायु परिवर्तन, तथा विपत् जोखिम न्यूनिकरण

- मेल्लेख गाउँपालिकाको राष्ट्रिय तथा सामुदायिक वनको संरक्षणका लागि वृक्षरोपण गरिने छ ।
- जलवायु परिवर्तन अनुकुलनको प्रभावले मानविय बस्तिमा प्रभाव पार्ने बाढी पहिरो रोकथामको लागि आवश्यक पहल गरिने छ ।
- पानीका मुहान ताल तलैयाहरुको संरक्षण गरिने छ ।



मेल्लेख गाउँपालिका

- विपद् जोखिम न्यूनिकरणका लागि जोखिममा रहेका वस्तिहरुको व्यवस्थापन गरिने छ ।
- मेल्लेख गाउँपालिका अन्तर्गतका कबुलियति वन र सामुदायिक वनलाई विकास समृद्धिका लागि स्थानीय सरकारको स्वामित्वमा ल्याईने छ ।
- मेल्लेख गाउँपालिका अन्तर्गत सम्पूर्ण जनसमुदायहरुको आर्थिक वृद्धि विकासका लागि जडिबुटी प्रसोधन केन्द्र स्थापना गरिने छ ।
- जडिबुटी उत्पादन प्रवर्द्धन, प्रशोधन र बजारीकरणको व्यवस्था गरिने छ ।

## ५. सुशासन तथा संस्थागत विकासका क्षेत्रहरुः नीति कानून, कार्यविधि, मापदण्ड तथा सुशासन संस्थागत विकास श्रोत परिचालन योजना

### सुशासन तथा संस्थागत विकासः

- गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा कार्यालयहरुको सेवा प्रवाहलाई चुस्त दुरुस्त राख्न सूचना प्रविधिमैत्रीयुक्त बनाई सुःव्यवस्थित गरिने छ ।
- मेल्लेख गाउँपालिकाको Internet Service प्रभावकारी बनाउने उद्देश्यले Fiber Internet जडान गरिएको र थप स्तरोन्नती गर्दै पालिकाका सबै वडा र वडाका माध्यमिक विद्यालय तथा स्वास्थ्य चौकीमा पूर्ण रुपले Internet जडान गरिने छ ।
- सेवा प्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गरिएको छ ।
- कर्मचारी उत्प्रेरणाका लागि तालिम तथा पुरस्कारको व्यवस्था गरिनेछ ।
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता पारदर्शिताका मापदण्डहरुलाई कडा रुपमा लागु गरिनेछ ।
- उपभोक्ता समितिमा एउटै व्यक्ति दोहारिने प्रवृतिको अन्त्य गरिने छ ।
- योजनाको सार्वजनिक सुनुवाईमा प्राविधिक, जनप्रतिनिधि, पत्रकार लगायतको अनिवार्य उपस्थिति गराइने नीति अवलम्बन गरिनेछ ।
- योजनाको रकम भुक्तानी दिनु अगाडी अनिवार्य रुपमा अनुगमन गरिनुपर्ने व्यवस्था गरिने छ ।
- योजना स्थलमा होडिङ्गवोर्ड अनिवार्य राख्ने व्यवस्था मिलाउने ।
- शाखामा कार्यरत कर्मचारीहरुका लागि क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिने छ ।
- विषयगत समितिका पदाधिकारीहरुलाई क्षमता विकासका लागि अभिमुखीकरण तालिम दिईने छ ।
- स्थानीय करलाई दृढतापूर्वक चुस्त दुरुस्त गरिदै लगिने छ ।

मेल्लेख गाउँपालिका

- स्थानीय श्रोतको उत्खनन गर्न कार्यविधि निर्माण गरी गिट्टी, वालुवा, ढुङ्गा खानी समेतको ठेक्का गरिने छ ।

## अन्तमा,

- कार्यान्वयनका चरणमा रहेका कमजोरीहरुलाई सच्याउँदै अघि बढ्न हार्दिक अनुरोध गर्दै यस अप्ठेरो परिस्थितिमा पनि सहयोग गर्नु हुने नेपाल सरकार, प्रदेश सरकार तथा विभिन्न संघ-संस्थाहरु प्रति हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।
- सम्पूर्ण राजनीतिक दलहरु, शिक्षक, कर्मचारी तथा आम जनसमुदाय प्रति सहयोग र धैर्यताका लागि धन्यवाद दिदै, आगामी दिनमा पनि सहयोगको आशा एवम् विश्वास व्यक्त गर्न चाहन्छु । यस प्रस्तावित वार्षिक नीति तथा कार्यक्रममा महत्वपुर्ण सुझाव पेश गर्नु हुने छ। धन्यवाद,

२०८२ बैशाख ८

*समाप्त*

मेल्लेख गाउँपालिका